हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

(आ.व. २०८२/०८३) बैठक नं.

आज मिति २०८२ साल मंसिर ११ गते बुधवारका दिन हरिपुर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

मिति २०८२।०८।११

**मिति २०८२/०८/११ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१. पूर्व निर्णयको समीक्षा सम्बन्धमा ।

२. नगरपालिकाको झ्याल ढोका मर्मत सम्भारको रकम भुक्तानी सम्वन्धमा ।

३. वडा नं. ८ को खानेपानीको रकम भुक्तानी सम्वन्धमा ।

४. खानेपानी बोर्ड र नगरपालिका तथा वडागतको खानेपानी साझेदारी कार्यक्रम सम्वन्धमा ।

५. आर्थिक सहायता सम्वन्धमा ।

६. भु-उपयोग वर्गिकरण गर्न खटिएका प्राविधिकको रकम भुक्तानी सम्वन्धमा ।

७. घ वर्ग ठेक्काको इजाजत पत्र सम्वन्धमा ।

८. किक्रेट सामग्री खरिद सम्वन्धमा ।

९. लखनदेही र झिम खोलाको आई.ई.ई. सम्वन्धमा ।

१०. प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा रेडियोग्राफर र मेडिकल अफिसर डाक्टर भर्ना गर्ने सम्वन्धमा ।

११. अधारभुत स्वास्थ्य संस्था जानकीनगर र मजुर्वामा कर्मचारी भर्ना गर्ने सम्वन्धमा ।

१२. जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई आवश्यक सहयोग सम्वन्धमा ।

१३. हरिपुर नगरपालिकाको बजार ब्यवस्थापन समिति गठन तथा परिचालन कार्यविधि, २०८२ सम्वन्धमा ।

१४. हरिपुर आय ठेक्का सम्वन्धमा ।

१५. न्यानो झोला खरिद सम्वन्धमा ।

१६. सट्टा विदाको रकम भुक्तानी सम्वन्धमा ।

१७. वडा नं. ७ को चिताइन भलिवलको विस्तृत परियोजना प्रतिवेदनको भुक्तानी सम्वन्धमा ।

१८. नमुना विद्यालयको बार्षिक कार्ययोजना स्वीकृत सम्बन्धमा ।

१९. एम्वुलेन्स माग गर्ने सम्वन्धमा ।

२०. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका कार्यालयमा मिति २०८२ भाद्र २४ गते जेनजी आन्दोलनमा आन्दोलनकारीहरुबाट कार्यालयको झ्याल ढोका र झ्यालको सिसाहरु समेत तोडफोड भएको र सो तोडफोड भएको झ्याल ढोका र झ्यालको सिसाहरु मर्मत सम्भार भएको हुँदा प्राविधिक लागत अनुमान तथा मूल्याँकन बमोजिमको रकम यस नगरपालिकाको १५ औ नगरसभाको आ.व. २०८२।०८३ को नगरपालिकाको चालुगत खर्च शिर्षकको निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार शिर्षकको खर्च शिर्षक २२२३१ मा रकम रु. ५,००,०००।०० विनियोजन भएको रकमबाट प्राविधिक मूल्याँकन र कार्य सम्पन्न बमोजिम श्री शोखा नाथ इन्जिनियरंग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. काठमाण्डौंलाई भुक्तानी गर्ने निर्णय गरियो ।

मिति २०८२।०८।११

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८२/०८३, च.नं. ३१६, मिति २०८२/०७/२० गतेको हरिपुर न.पा. ८ को पत्र र सोही गतेको वडा समितिको निर्णय आनुसार स्वीकृत हरिपुर न.पा. ८ नं. को बड़ा स्तरिय योजनाको चातुगत खर्च तर्फको सि.नं. १४ खर्च शिर्षक २५३१५ को इन्द्रपुर खानेपानीको सेवाग्राहीहरुको न्युनतम महशुलमा अनुदान को विनियोजित बजेट रु. ३,००,०००।०० मध्येबाट उक्त खानेपानी संस्थाको निवेदन अनुसार २०८२ साउन देखी कार्तिक सम्म ४ महिनाको १२२ गरिब र विपन्न सेवाग्राहीहरुको खानेपानीको बिल अनुसार हुन आउने १५० न्युनतम महसुल रु. ७३,२००।०० रकम हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड मर्मत सम्भार कोष को एन.आई.एसिया बैंकको खाता नं. ३२६४१५००९५११४००३ मा अनुदान रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडा नं. १ मा खानेपानी सरसफाई तथा स्वच्छता आयोजना संचालनको लागि सम्झौता बमोजिम कूल लागत रकम रु. २,६७,६०,५०७।०० मध्ये नगरपालिकाको रकम रु. ४०,००,०००।०० यस नगरपालिकाको १५ औ नगरसभाको वडा नं. १ को पुँजीगत खर्चको सि.नं. ५ मा हजारविघा खानेपानी आयोजनालाई धारा फिटिंग सामाग्रि खरिदको शिर्षक नं. ३११५६ मा रु. ५,००,०००।०० विनियोजन रकम, हरिपुर नगरपालिका, पूँजीगत खर्चको सि.नं. ५२ खानेपानी ब्यवस्था कार्य हरिपुर-१ को ३११५६ मा रु. १०,००,०००।०० विनियोजन भएको रकम र हरिपुर नगरपालिका पूँजिगत खर्चको सि.नं. १०४ मा विभिन्न योजनागत लागत सहभागिता शिर्षक नं. ३११७१ मा रकम रु. १,००,००,०००।०० विनियोजन भएको रकम मध्ये रु. २५,००,०००।०० गरी जम्मा रकम रु. ४०,००,०००।०० नगरपालिकाको लागत वडा नं. १ को खानेपानी सरसफाई स्वच्छता आयोजनामा ब्यहोर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.व. २०८२।०८३ को पन्ध्रौं नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | अमरदिप चौधरी (विनय चौधरी) | ७ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।७।१७ | २०८२।७।१७ च.नं. २५१ | ६०००।०० |
| २ | निसान्त चौधरी (पुष्पा कुमारी चौधरी) | ७ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।८।५ | २०८२।८।५ च.नं. ३२५ | ६०००।०० |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८२।०८।११

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | राम सोगारथ महतो | ३ | वरहथवा | विपन्न परिवार | | | १००००।०० |
| ४ | सशस्त्र प्रहरी वेश क्याम्प फरहदवा | ४ | हरिपुर | मौला पुजा कार्यक्रम | | | १००००।०० |
| ५ | बिजेन्द्र चौधरी | ७ | हरिपुर | काज क्रिया खर्च | २०८२।५।९ | २०८२।८।८ च.नं. ३५० | ६०००।०० |
| ६ | राजन कुमार पाँचेमगर वडा सचिव मार्फत | १ | हरिपुर | दोस्रो मेयर कपमा भएको झगडामा घाइते भएको २ जना लाई सहयोग | २०८२।८।१० | २०८२।८।११ च नं ४५५ | १५०००।०० |

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस हरिपुर नगरपालिका कार्यालयको मिति २०८२ भाद्र १६ गतेको नगर कार्यपालिकाको निर्णयानुसार नगरपालिकामा भु-उपयोग वर्गिकरण तथा ब्यवस्थापन कार्यमा प्राविधिक सहयोगमा ईन्जिनियर श्री दिपेश कुमार लोप्चन र किरण खतिवाडा खटिएकोले मिति २०८२ साल भाद्र १ गते देखि २०८२ असोज मसान्त (सार्वजनिक विदाको दिन समेत) सम्मको दैनिक ज्यालादारीको डोर हाजिरीमा (नेपाल सरकारको अधिकृत छैठौं) ईन्जीनियर पदमा काम काज गरिरहेको हुँदा डोर हाजिरी अनुसारको ज्यालादारीको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस हरिपुर नगरपालिका कार्यालयमा देहायका निर्माण ब्यवसायीहलाई प्राविधिक प्रतिवेदन लगायत आवश्यक सम्पुर्ण कागजातको आधारमा नियमानुसार निर्माण ब्यवसायको लागि "घ" वर्गको इजाजत प्रमाणपत्र दिने निर्णय गरियो ।

देहाय

| क.सं. | निर्माण ब्यवसायको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री सि.जी.एम.बि. निर्माण सेवा | हरिपुर-२, सर्लाही | प्रोपराइटर गंगा पाखिन ९८४३११८१३४ |
| २ | श्री यसोमती कन्स्ट्रक्सन एण्ड सप्लायर्स | हरिपुर-७, सर्लाही | प्रोपराइटर यसोदा देवी ९८४४११५३०९६ |

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस नगरपालिका वडा नं. ८ मा रहेको श्री पिण्डेश्वर नाथ यूवा क्लव हरिपुर-८, २ को आ.व. २०८२।०८३ मा क्रिकेट खेलकुद प्रतियोगिताको लागि खेलकुद सामाग्री र खेलकुद सामग्री खरिद गर्न क्लवको निवेदन र नगरप्रमुख आदेश बमोजिम यस नगरपालिकाको १५ औ नगरसभाको सि.नं.

मिति २०८२।०८।११

१४५ मा रु. ५०००००।०० मध्ये रु. १५०००।०० खेलकुद सामग्री खरिद गर्न आवश्यक ब्यवस्था गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत लखनदेही खोला र झिम खोलाको नदीजन्य पदार्थको उत्खनन् गर्न आई.ई.ई. प्रतिवेदन तयारको रकम Mita Engineering Consultancy Pvt. Ltd. लाई रकम रु. ४,८०,२५० (भ्याट सहित) भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडा नं. २ प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा डिजिटल एक्स-रे सहितको सेवा संचालन गर्नको लागि १ जना प्रविणता प्रमाण पत्र तह उतिर्ण रेडियोग्राफरको विज्ञापन गरी भर्ना गर्ने निर्णय गरियो । साथै वडा नं. २ प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा २४ घण्टा ईमेरजेन्सी सेवा संचालनमा रहेको र विरामीहरुको चाप पनि अत्यधिक रहेकोले एक जना मेडिकल अफिसर डाक्टरले २४ घण्टा सेवा दिन नसक्ने भएकोले एक जना मेडिकल अफिसर डाक्टर विज्ञापन गरी भर्ना गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ मा छलफल गर्दा यस नगरपालिका वडा नं. १ जानकीनगरमा गत आ.व. २०८१।०८२ मा संघीय सशर्त कार्यक्रमबाट स्वास्थ्य तर्फको भवन निर्माण भएको हुँदा उक्त स्वास्थ्य भवनमा अधारभूत स्वास्थ्य संस्था संचालनको लागि एक जना अ.न.मी, मजुर्वा अधारभूत स्वास्थ्य सेवा केन्द्रका लागि एक जना अ.न.मी. जानकीनगर स्वास्थ्य चौकी हजारविघामा कार्यरत एक जना अ.न.मी. अध्ययन विदामा रहेकोले सो ठाउँको लागि एक जना अ.न.मी गरी तिन (३) जना अ.न.मी चौथो तह र एक जना कार्यालय सहयोगी विज्ञापन गरी भर्ना गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ मा छलफल गर्दा जिल्ला ट्राफिक प्रहरी कार्यालय, नवलपुर, सर्लाहीको प.सं. २०८२।०८३, च.नं. ४४१, मिति २०८२।०७।३० गतेको प्राप्त सहयोग गरिदिने सम्वन्धको पत्रानुसार देश व्यापि रुपमा चलेको Gen-Z समुहको आन्दोलनको क्रममा जिल्ला सर्लाही लालबन्दी नगरपालिका वडा नम्बर-१ स्थित जिल्ला ट्राफिक प्रहरी कार्यालय, नवलपुर सर्लाहीमा मिति २०८२।०५।२४ गते अन्दाजी १३:३० बजेको समयमा आन्दोलनकारी अन्दाजी ४०० जनाको समूहले कार्यलय अगाडीको ट्राफिक बिटलाई पल्टाई आगजानी गर्नुको साथै कार्यालयमा प्रवेश गरी मुल ढोका, कार्यालयको झ्याल ढोका, कार्यालयभित्र रहेका सम्पुर्ण सामानहरु तोड फोड तथा आगजानी गरी पूर्ण रुपमा क्षेती पुर्याउनुको साथै यस कार्यालयको नाममा रहेको सवारी नम्बर BAGMATI BAC१८५३ नम्बरको महेन्द्रा स्कारपियो समेत तोडफोड गरी आगजनी र आशिंक क्षति भईकोले लागत अनुमान गर्न भ्याट सहित रु. १०१३४९७।०० भएको हुँदा यस नगरपालिकाको १५ औ नगरसभाको चालुगत खर्च शिर्षकको अन्य सामाजिक सहायताको शिर्षक नं. २७२१९ मा ५,००,०००।०० विनियोजन भएको रकमबाट रु. ५०,०००।०० जिल्ला ट्राफिक प्रहरी कार्यालय, नवलपुर, सर्लाहीलाई अनुदान दिने निर्णय गरियो ।

प्रस्ताव नं. १३ मा छलफल गर्दा हरिपुर नगरपालिकाको बजार ब्यवस्थापन समिति गठन तथा परिचालन कार्यविधि, २०८२ लाई अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८२।०८।११

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिका आ.व. २०८२।०८३ को लागी ठेक्का बन्दोबस्ती गर्न प्रथम पटक मिति २०८२।०३।०१ गते सुचना प्रकाशन गर्दा पिडारी बजार, चिताइन बजार र जडिबुटी, जिवजन्तु र कवाडी संकलन तथा निकासी करको मात्र ठेक्का प्रकृयामा भएको र दोस्रो पटक मिति २०८२/०३/१९ गते सूचना प्रकाशन गर्दा मजुर्वा र लक्ष्मीपुर बजारको ठेक्का प्रक्रियामा गएको र तेस्रो पटक मिति २०८२।०३।३० गतेको सूचना प्रकाशन गदां समेत हरिपुर बजार र चमेना गृहको दरभाउपत्र फाराम दर्ता नभए पछि पुनःमुल्याङ्कन गरी मिति २०८२।०५।१८ गते र मिति २०८२।०७।१४ गते सुचना प्रकाशन गर्दा फाराम खरिद समेत नभएकोले तपशिलमा उल्लेखित बमोजिम गर्न मुनासिव देखिएकोले पुनःमुल्याङ्कन तथा सुचना पुनः सूचनाको लागी मिति २०८२।०८।१० गतेको राजश्व परामर्श समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

देहाय

| क्र.सं. | ठेक्काको किसिम | अघिल्लो मूल्याँकन | पुनः मूल्याँकन (म.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | हरिपुर बजार | ५,२५,५००।०० | २,६२,७५०।०० | गत आ.व. को ठेक्का अंक ५,२५,५००।०० को छ महिनाको लागि ठेक्का लगाउन कूल अंकलाई भाग लगाइएको |
| २ | चमेना गृह | ५४,०००।०० | ३,०००।०० | मासिक रुपमा भाडा लगाउने गरी ३ वर्षको लागि ठेक्का लगाउन |

| सि.नं. | दिशा | कोठा संख्या | न्यूनतम दररेट प्रति कोठा | कैफियत |
|---|---|---|---|---|
| १. | उत्तर | ७ | ३५००।०० | ५०० प्रति कोठा घटाइएको । |
| २. | दक्षिण | ७ | २५००।०० | ५०० प्रति कोठा घटाइएको । |

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिकामा संघीय सशर्त चालुगत खर्चमा पेज नं. ६५ को सि.नं. ३० मा स्थानीय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्त संचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रममा विनियोजन गरेको रकम रु. ४४,४४,०००।०० मध्ये रकम रु. १०,००,०००।०० विनियोजन गरी न्यानो झोला खरिद गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत गत आ.व. २०८१।०८२ मा प्राथमिक स्वास्थ्य केन्द्र हरिपुर र लक्ष्मीपुर बर्थिंग सेन्टर लक्ष्मीपुरमा स्वास्थ्य कर्मीहरुले सेवा वाहेक सट्टा विदा अतिरिक्त सेवा विदामा पनि थप काम काज गरे वापत गत आ.व. २०८१।०८२ बाँकी रकम चालु आ.व. मा अल्या भएको रकम रु. १५,००,०००।०० मध्येबाट रकम रु. १४,००,०००।०० भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १७ मा छलफल गर्दा यस नगरपालिकाको वडा नं. ७ चिताइनमा भलिवल परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयारको रकम KMP Engineering Consultancy लाई रकम रु. ९७२,४३५।६३ (भ्याट सहित) भुक्तानी गर्ने निर्णय गरियो

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८२।०८।११

प्रस्ताव नं. १८ मा छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत रहेको श्री महावीर जनता मा.वि. हरिपुर-२ सर्लाही आ.व. ०७६/०७७ मा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरको निर्णयबाट नमुना विद्यालयको रुपमा छनौट भई हरिपुर नगर कार्यपालिकाको मिति २०७८/१२/२१ गतेको निर्णयबाट नमुना विद्यालयको ५ बर्षे गुरुयोजना स्वीकृत पश्चात कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट नमुना विद्यालय विकास अनुदान, साधारण धार र प्राविधिक धार तर्फका लागि यस नगरपालिकाबाट विनियजन हुने रकम, विद्यालयको आन्तरिक स्रोत एवम् प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित आयका आधारमा नमुना विद्यालय विकास कार्यक्रम सञ्चालनका लागि स्वीकृत विद्यालय सुधार गुरुयोजना (२०७८-०८२) को पाचौं (अन्तिम) वर्षको आधारमा आ.व. २०८२/०८३ का लागि विद्यालयले निर्माण गरेको नमुना विद्यालय बार्षिक कार्ययोजना स्वीकृतिको लागि यस कार्यालयमा मिति २०८२/०७/२८ गतेमा दर्ता भएको नमुना विद्यालय विकास तर्फको भौतिक, शैक्षिक र व्यवस्थापकीय बार्षिक कार्ययोजना यस कार्यालयबाट प्राप्त कार्यदिशको आधारमा कार्य सम्पादन हुनेगरी स्वीकृत गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं. १९ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडा नं. २ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा विरामीहरुको चाप बढी रहेको र ईमेरजेन्सी विमारीहरुलाई समयमा नै रिफर गर्नुपर्ने भएकोले प्राथमिक स्वास्थ्य केन्द्रमा एम्वुलेन्सको ब्यवस्था नभएको कारण विरामीहरुलाई समयमा नै रिफर गर्न नसक्ने अवस्था रहेको हुँदा विमारीहरुलाई समयमा नै रिफर गर्न एक थान एम्वुलेन्स भारतीय राजदुतावाससँग माग गर्ने निर्णय गरियो ।